**आ.व. २०७५ ०७६ को २० औं बैठक**

आज मिति **२०७५ साल चैत्र ३० गते शनीवार विहान ८ : ०० बजे** राप्ती गाउँ कार्यपालिकाका अध्यक्ष **श्री नुमानन्द सुवेदीज्यू**को अध्यक्षता र तपसिल वमोजिमका सदस्यज्यूहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको वैठक वस्यो । वैठकको उपस्थिति प्रस्ताव एवं निर्णयहरु तपसिल बमोजिम रहेका छन ।

उपस्थिति

[signature] अध्यक्ष श्री नुमानन्द सुवेदी, राप्ती गाउँकार्यपालिका ।

[signature] उपाध्यक्ष श्री जगदम्वाकुमारी चौधरी ,राप्ती गाउँ कार्यपालिका ।

[signature] सदस्य श्री टेकबहादुर कुमाल,राप्ती गाउँ कार्यपालिका ।

[signature] सदस्य श्री बेदप्रसाद चौधरी, राप्ती गाउँ कार्यपालिका ।

[signature] सदस्य श्री बिष्णुबहादुर घर्ति क्षेत्री, राप्ती गाउँ कार्यपालिका ।

सदस्य श्री कुवारी देवी कार्की, राप्ती गाउँ कार्यपालिका ।

[signature] सदस्य श्री जगतबहादुर थापा, राप्ती गाउँकार्यपालिका ।

सदस्य श्री विष्णु गुरुङ्ग, राप्ती गाउँकार्यपालिका ।

[signature] सदस्य श्री ताराबहादुर डि.सी, राप्ती गाउँकार्यपालिका ।

[signature] सदस्य श्री गोकर्णबहादुर रानामगर, राप्ती गाउँकार्यपालिका ।

[signature] सदस्य श्री गोवर्धन रावत, राप्ती गाउँकार्यपालिका ।

[signature] सदस्य श्री विद्याशरण चौधरी, राप्ती गाउँकार्यपालिका ।

[signature] सदस्य श्री सुनितामल्ल, राप्ती गाउँकार्यपालिका ।

[signature] सदस्य श्री ताराकुमारी चौधरी, राप्ती गाउँकार्यपालिका ।

[signature] सदस्य श्री चन्दर चौधरी, राप्ती गाउँकार्यपालिका ।

[signature] सदस्य श्री रिमबहादुर सुनारी मगर, राप्ती गाउँकार्यपालिका ।

सदस्य श्री संजिव परियार, राप्तीगाउँ कार्यपालिका ।

[signature] सदस्य-सचिव श्री राम प्रसाद शर्मा, राप्ती गाउँ कार्यपालिका ।

**आमन्त्रित**

[signature] १. श्री नारायण राउत सि अ हे व अधिकृत .

[signature]

## निर्णयहरु

**निर्णय नं. १** : पशु तथा कृषिजन्य साप्ताहीक हाटबजार संचालनका लागि माग भई आएकाले पशु तथा कृषिजन्य हाटबजार सम्बन्धी कार्यविधि गाउंकार्यपालिकाबाट स्वीकृत गरी सोही कार्यविधि अनुसार संचालन हुने गरी अनुमति दिने ।

**निर्णय नं. २** : यस गाउापालिकाको वडा नं. ३ बसन्तपुरमा मेला संचालनको लागि सुरक्षा निकायसंग समन्वय गरी व्यवस्थित तरीकाबाट संचालन गर्न अनुमति दिने ।

**निर्णय नं. ३** : यस गाउंपालिकाको तेस्रो गाउं सभाद्वारा उर्जा क्षेत्रका लागि वडा नं. ९ को विद्युतिकरणका लागि रू.६७,००,०००।०० (सतसट्ठी लाख) विनियोजन भएकोमा उक्त योजनाको लागि विनियोजित वजेटबाट निम्नानुसारका योजना संचालन गर्ने ।

क) देविकोटबाट देविकोट मुस्लिमटोल सम्म रू.१५,००,०००।००

ख) देविकोट मुस्लिमटोलबाट रूपाकोट हुंदै कालाखोला जाबुनेसम्म रू.५२,००,०००।००

साथै सोही सभाबाट भवन तथा सहरी विकास अन्तरगत देविकोट मुस्लिम टोलमा खानेपानी आयोजना शिर्षकमा विनियोजन भएको रू.४,००,०००।०० वजेटलाई सोही स्थानको नागरिकको माग र वडानं.९ को वडा कार्यालयको सिफारिस बमोजिम देविकोट मुस्लिम टोलमा विद्युत विस्तारमा खर्च गर्ने ।

**निर्णय नं. ४** : यस गाउंपालिकाको तेस्रो गाउंसभाबाट विनियोजन भएको राप्ती चक्रपथको ट्याक खोल्ने तथा सडक फराकिलो बनाउनको लागि विनियोजन भएको रू. ५० लाख बजेटलाई निम्नानुसार टुकाई १५ दिने सूचना प्रकाशित गरी प्रतिस्पर्धाबाट आयोजना संचालन गर्ने ।

क) राप्ती चक्रपथको ट्याक खोल्ने तथा सडक फराकिलो बनाउने योजना खण्ड क रू.१८,००,०००।००

ख) राप्ती चक्रपथको ट्याक खोल्ने तथा सडक फराकिलो बनाउने योजना खण्ड ख रू.१७,००,०००।००

ग) राप्ती चक्रपथको ट्याक खोल्ने तथा सडक फराकिलो बनाउने योजना खण्ड ग रू.१५,००,०००।००

**निर्णय नं. ५** : आर्थिक वर्ष २०७६/०७७ मा यस राप्ती गाउ-पालिकामा संचालन नगरी नहुने अति आवश्यकीय आयोजना तर यस राप्ती गाउंपालिकाको बजेटले धान्न नसक्ने तपसिलका योजना/कार्यक्रमहरूको लागि आवश्यक पर्ने बजेट व्यवस्थाका लागि तराई मधेश समृढी कार्यक्रम केन्द्रीय कार्यान्वयन इकाई संग माग गर्ने ।

तपसिल:

(१) खड्गेश्वरी गुरू योजना अनुसार पर्यटन क्षेत्रलाई अगाडि बढाउने योजनाको माग गर्ने, राप्ती-१,

(२) हर्षे डाडां पर्यटकिय स्थलमा गोम्वा निर्माण, राप्ती- १,

(३) बसन्तपुर शिव मन्दिर जाने बाटोको पूर्व कुलोमा जाली लगाउने, राप्ती-३,

(४) खिनैता भित्री गल्ली देखि मा.वि. मौरीघाट सम्म कालोपत्रे गर्ने, राप्ती-४,

(५) जनता आधारभूत विद्यालय करङ्गेकोटको भवन निर्माण, राप्ती-५,

(६) भगवानपुरको हंशेश्वर प्राथमिक विद्यालय पर्खाल निर्माण र भौतिक संरचना स्तरोन्नती गर्ने, राप्ती-६,

(७) वड्का सिसहनिया सानो नदि कटान नियन्त्रणका लागि तटबन्धको व्यवस्था, अनुमानित लागत रू. ५०,००,०००/-, राप्ती-७,

(८) श्री शंकर मा.वि. स्कुलमा २ भवन निर्माण तथा शिक्षा स्तर उन्नती गर्ने, राप्ती-८,

(९) देवीकोट पार्क र पिकनिक स्पोर्ट निर्माण, अनुमानित लागत रू. ४५ लाख, राप्ती-९,

(१०) श्री नेपाल राष्टिय मा.वि. भालुवाङको भौतिक पूर्वाधार विकास, राप्ती–१,

(११) श्री ज्ञानोदय मा.वि. पत्थरगढवाको भौतिक पूर्वाधार विकास, राप्ती–६,

(१२) श्री स्वर्गद्वारी प्रा.वि. पुल्चोक भालुवाङ भौतिक पूर्वाधार विकास, राप्ती–१,

(१३) सिद्धेश्वर शिव मन्दिर निर्माण, राप्ती–१, पाखापानी ।

**निर्णय नं. ६ :** यस गाउंपालिका अन्तरगत स्वास्थ्य संस्था स्थापना, संचालन तथा स्तरोन्नति सम्बन्धमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको स्वास्थ्य संस्था स्थापना, संचालन तथा स्तरोन्नति मापदण्ड सम्बन्धी निर्देशिका २०७० बमोजिम गर्ने ।

**निर्णय नं. ७ :** यस आ.व. २०७५/०७६ को लागि नेपाल सरकारको सशर्त वजेट मार्फत बाह्यखोप भवन निर्माणको लागी प्राप्त वजेट रू.३,००,०००।०० (तीनलाख) प्राप्त भएको सन्दर्भमा यस गाउंपालिका वडा नं. ९ अन्तरगत चण्डौली खोप केन्द्रमा हालसम्म व्यक्तिको घरमा संचालन भई रहेकोले उक्त ठाउंमा नेपाल सरकारको मापदण्ड अनुसारको भवन निर्माण गर्ने ।

**निर्णय नं. ८ :** यस राप्ती गाउंपालिका वडा नं. ९ अन्तरगत चिसापानी सामुदायिक वनको प्यार पोखरी भन्ने ठाउंमा मिति २०७५/१२/०३ गते भालुको आक्रमणबाट श्री टेक बहादुर रेश्मी घाईते भई उपचारको लागि आर्थिक सहयोग माग भई आएकोले निज टेक बहादुर रेश्मीलाई रू.५०००।०० पांच हजार) उपचार आर्थिक सहयोग दिने ।

**निर्णय नं. ९ :** स्वास्थ्य कार्यालय दाङको प्राप्त पत्र अनुसार यस आ.व.मा प्रदेश सरकारबाट संचालन गरिने नि:शुल्क विशेषज्ञ स्वास्थ्य शिविर निम्नानुसार स्थानहरूमा संचालन गर्नका लागि माग गर्ने निर्णय गरियो ।

क) सिसहनिया स्वास्थ्य चौकी, राप्तीगा.पा. ५
ख) लालमटिया स्वास्थ्य चौकी, राप्तीगा.पा. १
ग) देविकोट सामुदायीक स्वास्थ्यइकाई, राप्तीगा.पा. ९

**निर्णय नं. १० :** यस राप्ती गाउंपालिका अन्तरगत संचालित सामुदायिक स्वास्थ्य इकाईहरू व्यवस्थित तरिकाले संचालन गर्न देहाय बमोजिमको सामुदायिक स्वास्थ्य इकाई संचालन तथा व्यवस्थापन समिति गठन गर्ने निर्णय गरियो ।

क) सम्बन्धीत वडाको वडाध्यक्ष : अध्यक्ष
ख) समाजसेवी मध्येबाट वडाध्यक्षले सिफारिश गरी गा.पा.अध्यक्षले स्वीकृत गरेको : उपाध्यक्ष
ग) वडा भित्रका विद्यालयको प्र.अ.मध्ये समितिले मनोनयन गरेको एक जना : सदस्य
घ) वडा भित्रका म.स्वा.स्व.से.हरू मध्येबाट गा.पा.अध्यक्षले मनोनित गरेको एक जना : सदस्य
ङ) समाजसेवी बुद्धीजिविहरू मध्येबाट महिला पर्ने गरी गाउंपालिका अध्यक्षले मनोनित गरेको : सदस्य
च) सम्बन्धीत वडाका वडा सचिव : सदस्य
छ) सम्बन्धीत सामुदायिक स्वास्थ्य इकाईको प्रमुख : सदस्य सचिव

**निर्णय नं. ११ :** यस गाउंपालिका अन्तरगत जलिय जैविक विविधता संरक्षणका लागि आवश्यकता अनुसार व्यवस्था गर्ने ।

**निर्णय नं. १२** : यस गाउंपाकिाको अन्य स्थानीय तह संग सिमानामा समस्या देखिएकोले सम्बन्धीत स्थानीयतह संग समन्वय गरी सिमाना छुट्याउनका लागि नापी विभाग मिन भवनलाई अनुरोध गर्ने ।

**निर्णय नं. १३** : यस गाउंपालिका क्षेत्रहरूमा भएको जग्गाहरूको परम्परागत विधिले नाप नक्सा भएको हाल जग्गाको महत्व बढी नापको स्केल बमोजिम जग्गा छुट्याउन कठिन भएकोले व्यक्तिका जग्गाहरू, सार्वजनिक प्रति ऐलानी जग्गा तथा सरकारी जग्गा समेत छुट्याई संरक्षण गर्न कठिनाई भएकोले राप्ती गाउंपालिकाको जग्गालाई पुन:नापी गर्नका लागि आवश्यक व्यवस्था गर्न नापी विभाग मिन भवनलाई अनुरोध गर्ने ।

**निर्णय नं. १४** : यस गाउंपालिका द्धारा यस अघि विभिन्न आयोजना तथा कार्यक्रमहरू संचालन गर्न विभिन्न आपुर्तिकर्ता तथा निर्माण व्यवसायीहरूबाट संचालन गर्दा आपुर्तिकर्ता तथा निर्माण व्यवसायीहरूले कुल वजेटमा घटी (BELLOWभई) बचत हुन आएको रकम सोही आयोजना तथा कार्यक्रममा गाउंपालिकाले कोटेशन संचालन गर्ने ।

**निर्णय नं. १५** : यस गाउंपालिकाको तेस्रो गाउंसभा बाट मझेरिया प्रगन्नाको लागि विनियोजित रकम रू.२,००,०००।०० (दुई लाख) बाट निम्न बमोजिम रकम खर्च गर्ने ।

क) बराखुट्टी वनकुलो रू. १,००,०००।०० (एक लाख)

ख) मझेरिया प्रगन्नाको लागी रू. १,००,०००।०० (एक लाख)

**निर्णय नं. १६** :मुक्तकमैयाको जिल्ला अधिवेशनको लागी रू.१०,०००।००(दशहजार)आर्थिक सहयोग गर्ने ।

**निर्णय नं. १७** : यस गाउंपालिकाको विभिन्न क्षेत्रहरूमा कडा चट्टान परी सडक निर्माणमा कठिनाई भएको तर नेपाल सरकारले हालै रू. एक करोड सम्मका आयोजनाहरूमा मेशिनरी औजार प्रयोग गर्न नपाउने भनेकोमा कडा चट्टान तथा जटिल प्रकृतिका सडक आयोजनाहरू संचालनमा ढिलो भई बिकास निर्माणमा सुस्त गति हुने भएकोले त्यस्ता प्रकृतिका आयोजनाहरूमा आवश्यकता र औचित्यताको आधारमा मेशिनरी औजार प्रयोग गर्न सक्ने ।

**निर्णय नं. १८** : यस गाउंपालिका क्षेत्र भित्र प्रगन्नाले राप्ती नदीमा तटबन्द गरेको बाहेक राप्ती पुल देखि पश्चिमतर्फ वडा नं. ६ र ७ मा पर्ने क्षेत्रमा राप्ती नदीलाई च्यानलाइजेशन गर्ने कार्य गर्नका लागि जिल्ला समन्वय संग अनुमति माग गर्ने र उक्त कार्यबाट जम्मा हुन आउने नदिजन्य पदार्थलाई गाउंपालिकाले प्रचलित दरले विक्री गर्ने ।

**निर्णय नं. १९** : यस गाउंपालिका स्तरिय खेल मैदानको लागि प्रदेश सरकारबाट विनियोजित ससर्त अन्तर्गतको बजेटबाट यस गाउंपालिकाको वार्ड नं. ६ स्थित प्रस्तावित अन्तर्राष्ट्रिय खेलकुद मैदान देखि पश्चिम तर्फको करिब १४ विघा क्षेत्रमा खेल मैदान निर्माण गर्नका लागि तत्काल डी.पी.आर. गरी कार्य अगाडि बढाउन गाउंपालिका कार्यालयलाई निर्देशन दिने ।

निर्णय नं. २० : आर्थिक वर्ष २०७६/०७७ मा यस राप्ती गाउँपालिकामा संचालन नगरी नहुने अति आवश्यकीय आयोजना तर यस राप्ती गाउँपालिकाको बजेटले धान्न नसक्ने तपसिलका योजना/कार्यक्रमहरुको लागि आवश्यक पर्ने बजेट व्यवस्थाका लागि प्रदेश नं. ५ को प्रदेश सरकारसँग माग गर्ने ।

(१) स्यानीघोस देखि रुपाकोट घोड्लेआप सम्म सडक स्तर उन्नती, राप्ती-९,
(२) तल्लो घोसखोला देखि जाबुने हुँदै वावरी सिम्ली सडक स्तरउन्नती, राप्ती-९,
(३) भावनापुर मझेरीया देखि लठ्ठहवा जोड्ने दोलइ खोला सानो नदिमा पक्की पुल, राप्ती-६,
(४) पत्थर गढवा र पहडवा जोड्ने दोलइ खोलामा पक्की पुल, राप्ती-६,
(५) राप्ती गा.पा.को वडा नं. ८ र ७ जोड्ने विजौरी भानपुर सडक स्तरउन्नती र कालोपत्रे, राप्ती-७ र ८,
(६) पिपरी वड्का गल्ली संसद रोड हुँदै वडा नं. ५ सिसहनिया जोड्ने सडक कालोपत्रे, राप्ती- ८,
(७) मसुरिया बड्का गल्लीमा पक्की नाला निर्माण, राप्ती-३,
(८) मसुरिया पूर्व गल्ली उत्तर दक्षिण सडक कालोपत्रे, राप्ती-३,
(९) वडा नं. १, शान्तीपुर देखि वडा नं. २ वाउन्ने पाटा हुँदै घोसखोला सडक स्तर उन्नति(विपी मार्ग), राप्ती-२,
(१०) वडा नं. २, रामनगर देखि वडा नं. १ पाखापानी जोड्ने कटेशनाला मा २० मिटर पक्की पुल, राप्ती-२,
(११) पहरुवा गाउँदेखि भुल्के जानेबाटोमा नाला सहित सडक कालोपत्रे, राप्ती-५,
(१२) कालापानी देखि करङ्गे जानेबाटोमा कल्भर्ट सहित सडक स्तर उन्नती, राप्ती-५,
(१३) दोलई खोला देखि नयाँ गाउँसम्म जोड्ने सडक कालोपत्रे, राप्ती-४,
(१४) पिपरखुटीको भित्री सडक कालोपत्रे, राप्ती-४,
(१५) भानपुर छोट्की सिसहनिया सिरुवा कुलो लाइनीङ्ग, राप्ती-७,
(१६) जगतपुर छोट्की सिसहनिया अर्नानपुर हुँदै रामघाट जोड्ने सडक पिच, राप्ती-७,
(१७) वडा नं. ८ को विजौरी मेन गल्लीबाट वडा नं. ७ र ४ जोड्ने दक्षिण तर्फ वडा नं. ७ जोड्ने भानपुर सड्क स्तर उन्नती र विजौरी मे गल्लीबाट उत्तर तर्फ वडा नं. ४ सम्म जोड्ने सड्क कालोपत्रे गर्ने,
(१८) वडा नं. ८ पिपरी वड्का गल्ली संसद रोड हुँदै वडा नं. ५ सिसहनिया जोड्ने सडकलाई कालोपत्रे गर्ने,
(१९) पाखापानी नवप्रतिभा विद्यालयमा जाने बाटो नालासहित कालो पत्रे बनाउने, राप्ती-१,
(२०) आँपखोली खानेपानीको टेङ्की, पाईप, मोटर माग गर्ने, राप्ती-१,
(२१) श्रीनारायण चोकदेखि भानपुर जोड्ने सडक कालोपत्रे, राप्ती-४,
(२२) श्रीनारायण चोकदेखि देवीकोट जाने सडक कालोपत्रे, राप्ती-४,
(२३) पशु वृद्धाश्रम देखि दाह संस्कार सम्म लालमटीयाको पूर्व गल्ली सडक कालोपत्रे, राप्ती-२ ।